मितिः२०८१/०९/०८ बैठक संख्याः१०

प्रस्तावहरुः

१. लिफ्ट सिँचाई उदघाटन तथा सियारी पर्यटन करिडोर शिलन्यास सम्बन्धमा ।
२. स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याकंनको पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने सम्बन्धमा।
३. सियारी गाउँपालिकाको सार्वजनिक सेवाको मापदण्ड, २०८१ पारित सम्बन्धमा ।
४. २ वडाको जिम्मेवारी प्राप्त वडा सचिव र हलुका सवारी चालकको प्रोत्साहन सम्बन्धमा ।
५. विविध ।

निर्णयहरुः

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा २०८१ पौष १० गते उप-प्रधान तथा शहरी विकास मन्त्रीको प्रमुख आतित्थ्यतामा संचालन हुने दयानगर लिफ्ट सिँचाई आयोजना उद्धाटन र सियारी पर्यटन करिडोर शिलन्यास कार्यक्रममा सबै जनप्रतिनिधी अनिवार्य रुपमा उपस्थित हुने र सरोकारवाला सबैलाई उपस्थित गराउनको लागि सहजिरकण गर्ने र कार्यक्रम भव्य रुपमा सफल पार्ने निर्णय गरियो ।

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा आ.व.२०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याकंनको पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा सियारी गाउँपालिकाको सार्वजनिक सेवाको मापदण्ड, २०८१ सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत हलुका सवारी चालकहरुले कार्यालय समय भन्दा बढी अतिरिक्त समय बिहान ५:०० बजे देखि राति ९:००, १०:०० बजे सम्म र सार्वजनिक बिदाको दिनमा समेत सवारी साधन चलाउनुपर्ने भएकोले निजहरुलाई प्रोत्साहन स्वरुप मासिक रु.४०००/ दिने र दुई वडाको जिम्मेवारी पाइ कामकाज गर्ने वडा सचिवलाई निजले खाइपाइ आएको तलबको ५० प्रतिशतले हुन आउने रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५. प्रस्ताव नं ५ माथि छलफल गर्दा विविध विषयमा देहाय अनुसार गर्ने गराउने निर्णय गरियो ।

क. मैनहिया मा.वि. सियारी-२ का कक्षा ११ र १२ का विद्यार्थीहरुको ३ दिने शैक्षिक भ्रमण अवलोकनको लागि आर्थिक सहायता माग भइ आएकोमा उक्त शैक्षिक भ्रमणको लागि रु.१५,०००/ (पन्ध्र हजार) उपलब्ध गराउने ।

ख. ३३ औं विश्व अपागं दिवसको अवसरमा कार्यक्रम आयोजना गरि सम्पन्न गरेको नेपाल अपागं समाज, सियारी-४ लाई बिल अनुसारको रकम रु.२३,५१८/ (अक्षरुपी तेइस हजार पाँच सय अठार रुपैँया मात्र) अपागं दिवस कार्यक्रम संचालन शिर्षकबाट उपलब्ध गराउने ।

ग. सिँचाई मोटर अनुदान वा सहयोग वितरण गर्दा भै.लु.भु.ज. हटाई बेल नं मात्र उल्लेख गरि भुक्तानी गर्ने ।

ऋषिराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

थालेश्वर घिमिरे
अध्यक्ष

CamScanner